गाउँ कार्यपालिकाको ९ (नवौं) बैठक २०८२/०८३

मिति : २०८२ साल पौष ६ गते आइतबार

अध्यक्षता : श्री किरण राई ( गाउँपालिका अध्यक्ष )

समय : बिहान : ११ :३० बजे

स्थान : पौवादुङमा गाउँपालिका

उपस्थिती

| क्र. सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | किरण राई | अध्यक्ष | |
| २ | ज्योत्सना राई | उपाध्यक्ष | |
| ३ | राजेन्द्र तामाङ | सदस्य | |
| ४ | हरेन्द्र बहादुर पौडेल | सदस्य | |
| ५ | तिर्थ बहादुर कार्की | सदस्य | |
| ६ | रमेश राई | सदस्य | |
| ७ | बोम प्रसाद राई | सदस्य | |
| ८ | दक्ष कुमार राई | सदस्य | |
| ९ | पोसी शेर्पा | सदस्य | |
| १० | ईन्दिरा भट्टराई | सदस्य | |
| ११ | पवित्र भुजेल | सदस्य | |
| १२ | लक्ष्मी तामाङ के. सी. | सदस्य | |
| १३ | अमित देवी राई | सदस्य | |
| १४ | गोमा बोहोरा (सार्की) | सदस्य | |
| १५ | नविन भट्टराई | सदस्य सचिव | |

सचिवालय सहयोगी कर्मचारी

१. बैठक व्यवस्थापन तथा माईन्यूट सहयोगी श्री बुद्धिमान तामाङ

अन्य आमान्त्रित

१. ४ नं. वडाका वडा सदस्य श्री बिष्णु प्रसाद भट्टराई

२. कोशी प्रदेश खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय प्रादेशिक श्रोत व्यक्ति श्री ईन्द्र कुमार कर्ण

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

२. खानेपानी सरसफाई तथा स्वच्छता (N-WASH) योजना तयारी सम्वन्धमा ।

३. “घ” बर्गको निर्माण व्यवसायीको इजाजत पत्र सम्वन्धमा ।

४. पशुपालन प्रर्वद्धन कार्यक्रम संचालन मापदण्ड, २०८२ स्वीकृत गर्ने सम्वन्धमा ।

५. पशु स्वास्थ्य सेवा कार्यक्रम संचालन तथा सेवा शुल्क सम्वन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्वन्धमा ।

६. नि:शुल्क पशु स्वास्थ्य शिविर तथा कृतिम गर्भाधान तथा पशु उपचारको लागि ट्रेविज निर्माण कार्यक्रम सम्वन्धमा ।

७. पौवादुङमा गाउँपालिका र कर्मचारी सञ्चय कोष बीच भएको सम्झौता कार्यान्वयन सम्वन्धमा ।

८. पदपूर्ति समितिको निर्णय अनुमोदन सम्वन्धमा ।

९. अन्य विविध प्रस्ताव सम्वन्धमा ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

मिति २०८२ साल पौष ६ मा सम्पन्न ९ (नवौं) कार्यपालिका बैठकबाट पारीत निर्णयहरु :

निर्णय नं. १

गाउँ कार्यपालिकाको आठौं बैठकबाट पारीत निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समिक्षात्मक छलफल भई जानकारी भयो ।

निर्णय नं. २

कोशी प्रदेश खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय, एस. एन. भि. नेपाल र पौवादुङमा गाउँपालिकाको सहयोग एवं समन्वयमा खानेपानी तथा सरसफाई स्वच्छता योजना निर्माण एवं तयारी गर्ने सन्दर्भमा निम्नानुसार गर्ने गराउने सर्व सम्मत निर्णय गरियो ।

बुँदा नं. १ : स्थानीय तहहरुमा संचालित खानेपानी तथा सरसफाई स्वच्छता योजना MIS प्रविधिबाट निर्माण गर्नु पर्ने नेपाल सरकारको नीति अनुरुप यस पौवादुङमा गाउँपालिकाको ध्वक्ज योजना निर्माण गर्ने र सो प्रयोजनका लागि NWASH को Addmin Usser ID र Password उपलब्ध गराईदिन खानेपानी तथा ढल व्यवस्थापन बिभाग पानीपोखरी काठमाडौलाई अनुरोध गरी पठाउने ।

बुँदा नं. २ : NWASH MIS तथ्याङ्क संकलन तथा खानेपानी सरसफाई स्वच्छता योजना तयारीका लागि कोशी प्रदेश पौवादुङमा गाउँपालिका र एस. एन. भी. नेपाल बीच भएको त्रिपक्षीय सम्झौता पत्र MoU लाई अनुमोदन गर्ने ।

बुँदा नं. ३ : NWASH योजना तयारीमा सहयोग पुऱ्याउन तथा नियमित अध्यावधिक गर्ने प्रयोजनका लागि सम्झौता पत्रमा उल्लेख भए बमोजिमको कार्य जिम्मेवारी हुने गरी यस गाउँपालिकाको वाश फोकल पर्शनका रुपमा खापासटे श्री अनिल राईलाई तोक्ने ।

बुँदा नं. ४

खानेपानी सरसफाई स्वच्छता योजना तयारीका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न गणकहरु छनौटका लागि मिति २०८२/०८/१७ मा सार्वजनिक सूचना प्रकाशन गरिएकोमा उक्त समयभित्र कुनै पनि आवेदन पेश हुन नआएकोले मापदण्ड अनुरुप आवश्यक पर्ने सामाजिक तथा प्राविधिक गणकका लागि कार्यालयमा मौज्दात रहेका प्राविधिक कर्मचारी मध्येबाटै छनौट गर्ने र तथ्याङ्क संकलनका लागि आवश्यकता अनुसारको सूचनाहरुको सूचि तयार गरी कार्यान्वयन गर्ने गराउने ।

बुँदा नं. ५ : पौवादुङमा गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना तयार गर्ने कार्यको लागि सम्पूर्ण समन्वय, निर्देशन र निगरानी गर्ने उद्धेश्य एवं प्रयोजनका लागि तपसिल बमोजिमको एक कार्यदल गठन गर्ने । साथै कार्यदल संचालन एवं व्यवस्थापनका लागि तयार गरिएको कार्यादेश समेत स्वीकृत गर्ने ।

तपसिल

| | |
|---|---|
| १. ६ नं. वडाका वडाध्यक्ष श्री दक्ष कुमार राई | संयोजक |
| २. ३ नं. वडाका वडाध्यक्ष श्री तीर्थ बहादुर कार्की | सदस्य |
| ३. ५ नं. वडाका वडाध्यक्ष श्री बोम प्रसाद राई | सदस्य |
| ४. १ नं. वडाका वडाध्यक्ष श्री राजेन्द्र तामाङ | सदस्य |
| ५. ४ नं. वडाका वडाध्यक्ष श्री रमेश राई | सदस्य |
| ६. २ नं. वडाका वडाध्यक्ष श्री हरेन्द्र बहादुर पौडेल | सदस्य |
| ७. गाउँपालिका ई. श्री सोभित घिमिरे | सदस्य |
| ८. सूचना प्रविधि अधिकृत श्री सेवन्तराज दाहाल | सदस्य |
| ९. खापासटे (फोकल पर्शन) श्री अनिल राई | सदस्य सचिव |

भट्टराई,

किरण राई,
अध्यक्ष

निर्णय नं. ३

सार्वजनिक निर्माण कार्य गर्ने प्रयोजनका लागि निर्माण व्यवसायी ऐन, २०८० एवं निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धी कार्यविधि, २०७५ बमोजिम पेश भएका आवेदक फर्महरुलाई नियमानुसार "घ" बर्गको निर्माण व्यवसायीको ईजाजत पत्र उपलब्ध गराउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ४

गाउँपालिका भित्रका सबै वडाहरुमा पशु नश्ल सुधार तथा पशु उपचार सेवालाई व्यवस्थित र दिगो बिकासका लक्ष्यहरु पुरा गर्न पशुजन्य उत्पादनमा बृद्धि गर्ने उद्धेश्यका साथ कृतिम गर्भधारण गर्ने कार्यलाई नियमित र व्यवस्थित एवं गाउँपालिकाको सेवा प्रवाहको सुनिश्चितताका लागि गाउँपालिकाले तयार गरेको निम्न मापदण्ड तथा कार्यविधि **"पशुपालन प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड, २०८२"** स्वीकृत गर्ने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ५

गाउँपालिकाको यस चालू आ. व. २०८२/०८३ को पशु स्वास्थ्य सेवा अन्तरगत निम्न स्वीकृत कार्यक्रम देहायको वडाहरुमा संचालन गर्ने सर्ब सम्मत निर्णय गरियो ।

तपसिल

(क) निःशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम - ४ नं. वडा कार्यालय बास्तीम

(ख) कृतिम गर्भधारण तथा पशु उपचारका लागि ट्रेबिज निर्माण - वडा नं. १ र २ मा निर्माण गर्ने र स्थान सम्वन्धित वडाले छनौट गर्ने ।

निर्णय नं. ६

स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम नियूक्त भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिकामा समायोजन भएका स्थानीय तहका कर्मचारीहरुलाई अवकाश पश्चात स्वायत्त शासन नियमावली, २०५६ एवं स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा व्यवस्था भए अनुसारको संचित घर बिदा, बिरामी बिदा, उपदान, उपचार खर्च तथा ऋण लगायतको रकम पौवादुङमा गाउँपालिका र कर्मचारी सञ्चय कोष त्रिदेवी मार्ग ठमेल काठमाडौ बीच मिति २०८२/०४/१६ मा सम्पन्न भएको सम्झौता बमोजिम कर्मचारी सञ्चय कोष त्रिदेवीमार्ग ठमेल, काठमाडौको सार्वजनिक निकायको व्यक्तिगत खातामा यस गाउँपालिकाको नेपाल ईन्भेष्टमेन्ट मेघा बैंक च्याङ्ग्रेमा खोलिएको कर्मचारी कल्याण कोषको खातामा रहेको रु. ९६,५०,८४४।- (छयानब्वे लाख पचास हजार आठ सय चौवालिस) रकम मध्येबाट रु. ९६,००,०००।- (छयानब्वे लाख) जम्मा गर्ने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ७

कार्यालयबाट मिति २०८२/०७/२४ मा प्रकाशित सूचना अनुसार पर्न आएका आवेदकहरुको कार्यालयबाट मिति २०८२/०८/२३ देखि २५ गतेसम्म लिईएको लिखित तथा अन्तरबार्ता परीक्षामा सामेल भई सफल हुनु भएका देहायका उम्मेद्धवारलाई "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा १३४ (क) बमोजिम कार्यालयबाट गरिएको सेवा करारमा नियुक्तिलाई अनुमोदन गर्ने सर्ब सम्मत निर्णय गरियो ।

देहाय :

बिज्ञापन नं. ०२/०८२/०८३ पद : जनस्वास्थ्य अधिकृत ( अधिकृतस्तर सातौ )

सेवा : सेवा करार आवश्यक माग संख्या : १ (एक)

| रोल्नं. | आवेदकको नाम थर (योग्यताक्रम अनुसार) | आवेदकको ठेगाना | बाबुको नाम थर | आमाको नाम थर | नतिजा |
|---|---|---|---|---|---|
| ०१ | सन्तोष चौधरी | खडक. ११, सप्तरी | बिरेन्द्र कुमार | सरितादेवी | सफल |
| | | | | | |

नविन भट्टराई
प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

बिज्ञापन नं. ०३/०८२/०८३ पद : हे. अ. ( सहायकस्तर पाँचौ )

सेवा : सेवा करार आवश्यक माग संख्या : १ (एक)

| रोल्नं. | आवेदकको नाम थर (योग्यताक्रम अनुसार) | आवेदकको ठेगाना | बाबुको नाम थर | आमाको नाम थर | नतिजा |
|---|---|---|---|---|---|
| ०३ | प्रशान्त राई | पौवादुङमा गा पा. ६, भोजपुर | किरण | भद्र कुमारी | सफल |
| ०४ | समिर दाहाल | बिराटनगर म. न. पा. ४, मोरङ्ग | निर्मल प्रसाद | सीता | बैकल्पिक |

बिज्ञापन नं. ०४/०८२/०८३ पद : मनो सामाजिक परामर्शकर्ता ( सहायकस्तर पाँचौ )

सेवा : सेवा करार आवश्यक माग संख्या : १ (एक)

| रोल्नं. | आवेदकको नाम थर (योग्यताक्रम अनुसार) | आवेदकको ठेगाना | बाबुको नाम थर | आमाको नाम थर | नतिजा |
|---|---|---|---|---|---|
| ०९ | रञ्जना राई | पौवादुङमा गा पा. ५, भोजपुर | भर्जमान | चिजामाया | सफल |
| ११ | प्रनिता राई | बिराटनगर म. न. पा. १०, मोरङ्ग | प्रेम कुमार | निर्मला | बैकल्पिक |

बिज्ञापन नं. ०५/०८२/०८३ पद : अ. हे. ब. ( सहायकस्तर चौथो )

सेवा : सेवा करार आवश्यक माग संख्या : २ दुई

| रोल नं. | आवेदकको नाम थर (योग्यताक्रम अनुसार) | आवेदकको ठेगाना | बाबुको नाम थर | आमाको नाम थर | नतिजा |
|---|---|---|---|---|---|
| १९ | सूर्य बहादुर थुलुङ् राई | चैनपुर न १ .पा. सङ्खुवासभा | इन्द्र बहादुर राई | मचिन्द्र माया राई | सफल |
| १६ | प्रियंका शाह | महोत्तरी गा,.पा.३ महोत्तरी | जय नारायण शाह | प्रमिला देवी शाह | सफल |
| १८ | सुमना राई | पौवादुङमा गा-.पा. भोजपुर ,२ | भक्त बहादुर राई | विष्णु कुमारी राई | प्रथम बैकल्पिक |
| १७ | समिर दाहाल | विराटनगर म-.पा.न. मोरङ्ग ,४ | निर्मल प्रसाद दाहाल | सीता खनाल | द्धितीय बैकल्पिक |
| २१ | नगेन्द्र राई | साँगुरीगढी गा .पा. धनकुटा १० | चम्पा सिं राई | पंच माया राई | तृतीय बैकल्पिक |
| २० | चन्द्र शोभा राई | पौवादुङमा गा-.पा. भोजपुर ,२ | राम बहादुर राई | रत्न कुमारी राई | चौथो बैकल्पिक |

बिज्ञापन नं. ०६/०८२/०८३ पद : अ. न. मी. ( सहायकस्तर चौथो)

सेवा : सेवा करार आवश्यक माग संख्या : १ (एक)

| रोल नं. | आवेदकको नाम थर (योग्यताक्रम अनुसार) | आवेदकको ठेगाना | बाबुको नाम थर | आमाको नाम थर | नतिजा |
|---|---|---|---|---|---|
| ३२ | राधा यादव | सहिद न. पा. ८, धनुषा | बिष्णुदेव | सुखो लहरिया | सफल |
| ३४ | देवान्ती प्रधान | पौवादुङमा गा पा. ४, भोजपुर | पदम बहादुर | टंकमाया | बैकल्पिक |

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

निर्णय नं. ८

पौवादुङमा गाउँपालिका ६ नं. वडा ठुलोदुम्मा बस्ने जन्ममिति २०७०/०३/०२ उल्लेख भएकी बुबा श्री बिजय कुमार राई र आमा श्री बन्दना राईको छोरी सुश्री नविना राईलाई बारम्बार ललाई फकाई तथा प्रलोभनमा पारी बाल बिबाह गर्न बाध्य भएको खबर प्राप्त हुन आएको र हाल निजको बुबा, आमा तथा संरक्षक कोहि नभएको हुँदा बालिकाको संरक्षण हुन नसकि जिल्ला प्रहरी कार्यालय भोजपुरको समन्वय एवं सम्वन्धित वडा कार्यालयको मिति २०८२/०९/०२ को सिफारिस पत्रानुसार बालिकाको संरक्षणको लागि बाल हेल्प लाईन (१०९८) संखुवासभा, खाँदबारीमा गाउँपालिकाको एम्बुलेन्स मार्फत गरिएको स्थानान्तरण खर्च गाउँपालिकाको बालबालिका कोष शिर्षकबाट व्यहोर्ने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ९

कृषि ज्ञान केन्द्र, भोजपुरको सूचना नं. ०२, मिति २०८२/०८/०४ को व्यवसायी कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम माग सम्वन्धी प्रकाशित सूचना अनुसार राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तरगत "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७" बमोजिम कृषि बालीमा नयाँ ब्लक स्थापना गर्न ईच्छुक कृषक समूह/सहकारी/कृषि फर्म वा कृषि उद्यमीहरुबाट आवेदन माग गरेको सन्दर्भमा यस पौवादुङमा गाउँपालिका अन्तरगत १ नं. वडा श्यामसिलामा कृषि आधुनिकीकरण कार्यक्रम अन्तरगत फलफुलजन्य किवी तथा आलू पकेट क्षेत्र घोषणा गरी कार्यक्रम संचालनमा रहेकोले उक्त वडाको बुद्धचौक एकिकृत कृषक समूह पौवादुङमा - १ लाई सिफारिस गरी पठाउने सर्ब सम्मत निर्णय गरियो ।

प्रस्तुत प्रस्ताव माथिको छलफल समाप्त भएकोले आजको बैठक समापन गरियो ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष